कागेश्वरी मनोहरा नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

डाँछी, काठमाडौं।

कागेश्वरी मनोहरा नगरपालिका नियामक रहेको एवं प्रदेश अन्तर्गत संचालित सहकारी संस्थाहरु सँग युवा तथा साना व्यवसाय स्वरोजगार कोष अन्तर्गत युवा उद्‌यमशीलता सम्बन्धी अन्तर्क्रिया कार्यक्रम

मितिः२०८०/०९/०३

प्रतिवेदन : विश्वास ज्ञवाली

सहकारी शाखा प्रमुख

१. पृष्ठभूमीः

कागेश्वरी मनोहरा नगरपालिकाको राधाकृष्ण हलमा आयोजना गरीएको कार्यक्रमको अध्यक्षता नगरपालिकाको नगर प्रमुख श्री उपेन्द्र कार्की ज्यूले गर्नुभएको थियो। साथै कार्यक्रममा नगरपालिका प्रमुख प्रशासकीय अधिकृत, वडा नं. १ वडा अध्यक्ष श्री मुकुन्द प्रसाद गजुरेल, वडा नं. ३ वडा अध्यक्ष श्री राममणी पुडासैंनी, कास्कुन बाट पाल्नुभएको लेखा संयोजक श्री अनिता अधिकारी, युवा तथा साना व्यवसाय स्वरोजगार कोषको कार्यक्रम अधिकृत भोला खड्का, श्री शंकर थापा सहकारी बिज्ञ, श्री शालिग्राम पुडासैंनी सहकारी बिज्ञ, सहकारी संस्थाबाट पाल्नुहुने अध्यक्ष ज्यू तथा पदाधिकारीहरु र यस न.पा. को कर्मचारीहरु समेत गरी उल्लासजनक उपस्थिति रहेको थियो।

२. अर्न्तक्रियाको उद्देश्यः

कागेश्वरी मनोहरा नगरपालिकाले सम्पन्न गरेको युवा तथा स्वरोजगार कोष अन्तर्गत युवा उद्यमशीलता सम्बन्धी अर्न्तक्रिया कार्यक्रमको उद्देश्य यस प्रकार रहेको थियो।

- युवा तथा साना व्यवसायी स्वरोजगार कोषको कर्जा प्राप्तिका लागि आवश्यक मापदण्ड प्रस्टयाउने बारे।
- युवा उद्यमशीलता सम्बन्धी जानकारी गर्ने।
- एक सहकारी एक उद्यमशीलता सम्बन्धी कार्यक्रम कार्यान्वयन गर्ने ।
- COPOMIS मा प्रविष्टि गर्ने सम्बन्धी जानकारी।
- साझेदारी कार्यक्रम सम्बन्धी जानकारी गर्ने।
- PEARLS तालिम सम्बन्धी जानकारी।
- सहकारी संस्थाहरुको उपलब्धी एवं समस्याबारे जानकारी तथा छलफल।

३. कार्यक्रम सम्पन्न मितिः**२०८०/०९/०३**

४. कार्यक्रम सम्पन्न स्थानः कागेश्वरी मनोहरा नगरपालिका, राधाकृष्ण मन्दिरको हल।

५. कार्यक्रम सम्पन्न समयः बिहान १०:०० देखि ४:०० बजे सम्म

६. समिक्षा क्रियाकलापः

क) कार्यक्रम क्रियाकलापः

क्र.सं.	कार्यक्रम	क्रियाकलाप
१	**अध्यक्षता,**	नगरप्रमुख श्री उपेन्द्र कार्की ज्यू
२	**आशन ग्रहण**	- प्रमुख प्रशासकीय अधिकृत, श्री सागर मिश्र ज्यू - वडा नं. १ का वडा अध्यक्ष श्री मुकुन्द गजुरेल ज्यू - वडा नं. ३ का वडा अध्यक्ष श्री राममणी पुडासैंनी ज्यू - युवा तथा साना स्वरोजगार कोषको कार्यक्रम अधिकृत भोला खड्का - शंकर थापा सहकारीकर्मी - शालिग्राम पुडासैंनी सहकारीकर्मी - कास्कुन बाट पाल्नु भएको लेखा संयोजक अनिता अधिकारी - सहकारी संस्थाबाट पाल्नुहुने अध्यक्ष ज्यू तथा पदाधिकारीहरु - यस न.पा. को कर्मचारी साथीहरु अन्य सहभागिहरु
३		राष्ट्रिय गान
४	**स्वागत मन्तव्यः**	प्रमुख प्रशासकीय अधिकृत, श्री सागर मिश्र ज्यू
५	**समुद्घाटन**	पानसमा दीप प्रज्वलन गरी कार्यक्रमको समुद्घाटन नगरप्रमुख श्री उपेन्द्र कार्की ज्यू द्वारा गरियो।
६	**प्रस्तुतिकरणः**	- युवा स्वरोजगार कोषबाट पाल्नुहुने प्रतिनिधीज्यू द्वारा ऋण प्रस्ताव सम्बन्धी प्रस्तुतिकरण। - सहयोगी साकोसको अध्यक्ष द्वारा प्रस्तुतिकरण
७	**मन्तव्य**	- वडा नं. १ का वडा अध्यक्ष श्री मुकुन्द गजुरेल ज्यू - वडा नं. ३ का वडा अध्यक्ष श्री राममणी पुडासैंनी ज्यू - शंकर थापा सहकारी बिज्ञ - शालिग्राम पुडासैंनी सहकारी बिज्ञ - कास्कुन बाट पाल्नु भएको लेखा संयोजक अनिता अधिकारी - हरहर महादेव साकोसको अध्यक्ष रुद्र प्रसाद दाहाल
८	**छलफल तथा जवाफ**	सहकारी तर्फको प्रतिनिधिलाई लागेको धारणा तथा प्रश्नहरुबारे छलफल गरि उठेका सवाल माथि समाधानको उपाय अपनाईयो।
९	**समापन**	नगर प्रमुख ज्यू बाट निर्देशन सहित समापन गरियो।

ख) कार्यक्रमको वक्ता तथा प्रस्तुतकर्ताहरुः

क्र.सं	प्रस्तुतकर्ता	सुझाव
१.	**सागर मिश्र (प्रमुख प्रसाशकीय अधिकृत)**	- सहकारी मूल्य, मान्यता र सिद्धान्त अनुरूप सहकारी नीति, नियम तथा ऐन अनुरुप संचालन गर्न निर्देशन। - युवा तथा साना व्यवसाय स्वरोजगार कोषको कर्जा प्रसिका लागि आवश्यक मापदण्ड पुगेका सहकारी संस्थाहरुलाई कर्जा प्रस्ताव गरी, सहकारी संस्थाहरुलाई सदस्य उद्यमशीलतामा सहभागि गराउन र एक सहकारी एक उद्यमशीलता अपनाउन निर्देशन दिनुका साथै सबै सहभागीहरुलाई स्वागत गर्नु भयो।
२.	**भोला खड्का (कार्यक्रम संयोजक युवा तथा सना व्यवसायी स्वरोजगार कोष)**	**कोषले कर्जा लगानी गर्ने क्षेत्रहरु बारे जानकारी** **<u>कोषको उद्देश्यः</u>** - साना व्यवसायीलाई श्रम, सीप र उत्पादनमूलक कार्यमा लगाई स्थानीय स्रोत साधनको अधिकतम उपयोग गर्दै परम्परागत सीप भएका युवाहरुलाई समेत स्वरोजगार कार्यक्रम संचालन गर्न कर्जा उपलब्ध गराई आर्यआर्जनमा बृद्धि गरी जीविकोपार्जनलाई सहज बनाउनु कोषको मुख्य उद्धेश्य रहेको छ । - स्थानीय सीप र कच्चा पदार्थमा आधारित तथा स्थानीय स्तरमा उत्पादन हुने वस्तुको व्यवसायीकरणमा योगदान पुग्ने कार्यक्रम सञ्चालन गर्ने । - रोजगार प्रवर्द्धन गर्ने व्यवसाय, सामूहिक कृषि तथा पशुपालन लगायतका निर्यातमूलक वा आयत प्रतिस्थापन गर्ने उत्पादनशील व्यवसायमा लगानी गर्ने । **<u>कर्जा लगानी प्रक्रियाः</u>** - कोषले निश्चित मापदण्डहरु तोकी बैंक, वित्तीय संस्था तथा सहकारी संस्थाहरुलाई थोक कर्जाको लागि प्रस्ताव आव्हान गर्नेछ । - प्रस्ताव पेश गरेका सहकारी संस्थाहरुको फाइल अध्ययन गरी, स्थलगत निरिक्षण तथा अनुगमन गरी अनुगमनकर्ताले कोष सचिवालयमा कर्जा सिफारिस गर्ने । कोष सचिवालयमा सिफारिश भई आएका प्रस्तावहरुको अध्ययन छनौट गरी कोषका कार्यकारी निर्देशक संयोजक रहेको मुल्याङकन उप'समितिबाट स्वीकृतिका लागि उपाध्यक्ष समक्ष सिफारिस गर्ने । - कोषले बैंक, वित्तीय संस्था, सहकारी संस्थालाई सम्झौता रकमको २ किस्तामा (५०÷५० प्रतिशत) वा आवश्यकताको आधारमा एकै किस्तामा पनि लगानी गर्न सक्नेछ । - सहकारीले कर्जा लगानीका लागि सात दिने सूचना प्रकाशित गर्नु पर्नेछ । कोेषले तयार गरेको आशयपत्रको ढाँचा अनुसार वेरोजगार युवाले आशयपत्र भर्नु पर्नेछ । कोषबाट आशयपत्र स्वीकृत गरिएका

		वेरोजगार युवा तथा साना व्यवसायीलाई सहकारी संस्थाले लगानी गर्नु पर्नेछ । - ग्राहकको फाइलमा निवेदन, नागरिकता, एकाघरको जमानी, समुहमा भएमा सामुहिक जमानी, निज वा एकाघरको परिवारको चलअचल सम्पतिको विवरण, जग्गाधनी प्रमाणपत्रको प्रतिलिपी, तमसुक, कर्जा भुक्तानी तालिका, व्यवसायिक तालिमका प्रमाण पत्र आदि लगायतका कागजात राख्नु पर्नेछ । - स्वरोजगार कर्जा लिएका कर्जाग्राहीहरुको लगानी विवरण कोष र सहकारी विच भएको सम्झौताका बुँदा अनुसार राख्नु पर्नेछ । लगानी गर्दा सोही अनुसार गर्नु पर्नेछ । **व्याज अनुदानः** - कर्जाग्राहीले नियमित रुपमा साँवा र व्याज किस्ता चुक्ता गरेपछि मात्र कर्जाग्राहीले बुझाएको व्याजको ६० प्रतिशतले हुन आउने रकम कोषले नियमानुसार सम्वन्धित ऋणीलाई बैंक÷वित्तिय संस्था, सहकारी संस्था मार्फत व्याज अनुदान स्वरुप फिर्ता दिनेछ । - उक्त व्याज अनुदानमा नियमानुसारको कर कट्टी गरिनेछ **कर्जा किसिमः** - नियमित स्वरोजगार कार्यक्रम - सहकार्यमा आधारित साझेदारी कार्यक्रम **कर्जा असुलीः** - कोषबाट संस्थाको खातामा जम्मा भएको मितिले व्यवसायको आधारमा बढीमा १ वर्षको ग्रेस अवधि दिइनेछ । - बैंक, वित्तीय संस्था र सहकारी संस्थाले परियोजनाको आधारमा बढीमा ५ वर्ष भित्र कर्जा भुक्तानी गरिसक्नु पर्नेछ । - बैंक, वित्तीय संस्था र सहकारी संस्थाले कोषलाई त्रैमासिक (असार, असोज, पौष, चैत्र मसान्त)मा साँवा व्याज भुक्तानी गर्नुपर्नेछ ।
३	**रामेश्वर श्रेष्ठ (सहयोगी बचत तथा ऋण सहकारी अध्यक्ष)**	- सहकारी क्षेत्रमा देखिएको समस्या एवं चुनौती बारे जानकारी। - सहकारीको अनियमित व्याज प्रतिशत र संचालक समितिको कमी कमजोरी बारे जानकारी।
४	**श्री शंकर थापा (लक्ष्मी नारायण साकोसको अध्यक्ष)**	**सहकारीको मुख्य ४ कमजोरी बारे प्रकाश पार्नुभयो।** - कार्यक्रममा भएको प्रस्तुतीकरण बारे टिप्पणी - सहकारीले दिने व्याजमा एकरुपता नभएको। - सहकारीले १४% भन्दा बढी व्याजमा ऋण लिने गरेको गुनासो। - उत्पादनमुखी भन्दा बढी बचत तथा ऋणमा मात्र केन्द्रित रहेको। - केही सहकारी संस्था झोलामा मात्र सिमित भएको र अनुगमन गर्नुपर्ने कुरा उल्लेख गर्नुभयो।
५	**श्री शालिग्राम पुडासैंनी (भद्रवास साकोसको अध्यक्ष)**	- कार्यक्रममा भएको प्रस्तुतीकरण बारे टिप्पणी - सहकारी एकीकरण एवं मर्जर सम्बन्धी धारणा व्यक्त गर्नुभयो।

		- सहकारी संस्थालाई निरन्तर नियमन एवं अनुगमन गर्नुपर्ने धारणा व्यक्त।
६	**श्री अनिता अधिकारी (कास्कुनको लेखा संयोजक)**	- कागेश्वरी मनोहरा नगरपालिका एवं युवा तथा साना व्यवसायी स्वरोजगार कोषको युवा उद्यमशीलता तथा साझेदारी कार्यक्रम राम्रो भएको धारणा व्यक्त। - कास्कुनको तर्फबाट सहयोग गर्ने प्रतिबद्धता व्यक्त। - लेखा संयोजकलाई तालिम दिनुपर्ने धारणा व्यक्त।
७	**श्री रुद्र दाहाल (हरहर महादेव बचत तथा ऋण सहकारीको अध्यक्ष)**	- हरहर महादेव बचत तथा ऋण सहकारी संस्थाले उत्पादन मुखी क्षेत्र (कृषि क्षेत्रमा) गरेको लगानी, बजार व्यवस्थापन सम्बन्धी जानकारी। - कृषि क्षेत्रमा सहकारी संस्थाले गर्ने लगानीको अवसर एवं चुनौतीबारे जानकारी।
८	**श्री मुकुन्द गजुरेल (वडा अध्यक्ष वडा नं. १)**	- युवा उद्यमशीलता कार्यक्रमबारे धारणा व्यक्त। - अनुगमन एवं मुल्यांकन प्रभावकारी गर्नुपर्ने धारणा। - सहकारी संस्था एकिकृत सूचना प्रणालीमा आउनुपर्ने। - सहकारी संस्थाले बदमासी गर्नु नहुने कुरामा जोड। - सहकारी क्षेत्रको छरिएर रहेको पुँजी उत्पादनमूलक क्षेत्रमा लगाई रोजगारी सिर्जना गर्नुपर्ने कुरामा जोड दिनुपर्ने धारणा व्यक्त गर्नुभयो ।
९	**राममणी पुडासैंनी (वडा अध्यक्ष वडा नं. ३)**	- युवा उद्यमशीलता कार्यक्रम बारे टिप्पणी। - सहकारी संस्थाहरुको वर्गीकरण गरी नियमन गर्नुपर्ने कुरामा जोड।
१०.	**उपेन्द्र कार्की (नगर प्रमुख)**	- युवा उद्यमशीलता कार्यक्रमको एवं महत्त्वबारे प्रकाश पार्नुभयो। - कागेश्वरी मनोहरा सहकारी संघ गठन गर्नुपर्ने कुरामा जोड। - सहकारी क्षेत्रको समस्याको समाधानका लागि अनुगमनको कार्य प्रभावकारी बनाउन विज्ञ समूह गठन गर्ने कुरा उल्लेख गर्नुभयो। - सहकारी संस्थाहरु COPOMIS मा अनिवार्य जोडिनु पर्ने बारेमा निर्देशन दिनुभयो। - एक सहकारी एक उद्यमशीलता कार्यक्रमलाई नगरपालिकाले प्रभावकारी ढंगले अघि बढाउने कुराको जानकारी। - सहकारी क्षेत्रको सम्पूर्ण सूचना प्राप्त गर्न सकिने Database निर्माण गर्ने कुराको जानकारी। - सहकारी क्षेत्रले समग्र वित्तीय व्यवस्थापनमा महत्वपूर्ण भूमिका खेलेको सन्दर्भमा उत्पादनमूलक क्षेत्रमा लगानी गरी रोजगारी सिर्जना गर्नुपर्ने कुरामा जोड दिनुपर्ने । - कागेश्वरी मनोहरा नगरपालिका सहकारी क्षेत्रको उन्नयनमा सदैव लागिपर्ने प्रतिवद्धता व्यक्त गर्दै कार्यक्रमको समापन गर्नुभयो।

७. कार्यक्रमका सवल पक्षः

क्र. सं.	सवल पक्ष
१	कर्जा प्रस्तावका लागि स्पष्ट साथ मापदण्डहरु उल्लेख गरीएको।
२	COPOMIS मा विवरण प्रविष्टि अनिवार्य गर्नुपर्ने जानकारी।
३	एक सहकारी एक उद्यमशीलता कार्यान्वयन गर्न अर्न्तक्रिया गरीएको।
४	सहकारी मूल्य, मान्यता र सिद्धान्त पहिल्याउन मद्दत पुगेको।

८. निष्कर्षः

यस कार्यक्रमको मूल उद्देश्य एक सहकारी एक व्यवसायको बारेमा जानकारी एवं सहकारी संस्थाको प्रवर्द्धन गर्ने र युवा तथा साना व्यवसाय स्वरोजगार कोषको कर्जा प्रसिका लागि आवश्यक मापदण्डबारे छलफल भएको हुदाँ, कागेश्वरी मनोहरा नगरपालिकामा रहेको सहकारी संस्थाहरुलाई सदस्य उद्यमशीलता कार्यक्रमले सहकारी संस्था सहभागिहरुलाई नमूना योग्य छाप पर्ने तथा यस किसिमको सहकारी अन्तर्क्रिया कार्यक्रमले सहकारी संस्थाहरुलाई साख वृद्धि गरी साझेदारीमा लगानी वृद्धीमा सहयोग पुर्‍याउनुका साथै कार्यक्रम संचालनको क्रममा उठेका सवाल तथा सुझावहरुलाई आत्मासाथ गरी आगामी दिनमा संचालन गरिने कार्यक्रम उत्प्रेरणा, प्रोत्साहन जगाउने काम भएको छ।

कार्यक्रमका केही झलकहरुः

कागेश्वरी मनोहरा नगरपालिका

कागेश्वरी मनोहरा नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
कागेश्वरी मनोहरा नगरपालिका नियामक रहेको एवं
प्रदेश अन्तर्गत संचालित सहकारी संस्थाह
स्वागतम
नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय
युवा तथा साना व्यवसायी स्वरोजगार

कागेश्वरी मनोहरा नगरपालिका
हामी को हौं ?